# खेलकुद प्रशिक्षक परिचालन कार्यविधि

२०७७

स्विकृत मिति :२०७७।०२।१४

म्याङलुङ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

म्याङलुङ तेह्रथुम

# म्याङलुङ नगरपालिका नगर कार्यापालिका वाट स्वीकृत मिति २०७७/२/१४
# खेलकुद प्रशिक्षक परिचालन कार्यविधि २०७७

**प्रस्तावनाः** विद्यालयस्तररदेखि नै किशोर किशोरी तथा युवालाई खेलकुद प्रति आकर्षित गर्दै विभिन्न विधाका खेलहरुमा उच्च क्षमतावान तथा योग्य खेलाडी उत्पादन गरी खेलकुदको क्षेत्रमा नगरपालिका र जिल्लालाइ एक दह्रो र सक्षम प्रतिस्पधी जिल्लाको रुपमा विकास गरी प्रदेश स्तरीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय पदकहरु हासिल गर्न सहयोग पुर्याउने उदेश्यले म्याङलुङ नगरपालिका भित्र खेलकुदलाई व्यवस्थित एवं प्रभावकारी रुपमा संचालन गर्नको निम्ति स्थानिय सरकार संचालन एन २०७४ को दफा १०२ वमोजिम खेलकुद प्रशिक्षक परिचालन कार्याविधि २०७७ बनाइएको छ ।

## परिच्छेद –१

१. संक्षिप्त नाम र प्रारम्भ : १. यो कार्यविधिको नाम "खेलकुद प्रशिक्षक परिचालन कार्यविधि २०७७" रहेको छ ।

क. यो निर्देशिका म्याङलुङ नगरपालिका नगर कार्यापालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाष : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "नगपालिका" भन्नाले म्याङलुङ नगरपालिका सम्झनु पर्छ ।

ख) "समिति" भन्नाले म्याङलुङ नगर युवा तथा खेलकुद विकास समिति संझनु पर्दछ ।

ग) "शैक्षिक संस्था" भन्नाले म्याङलुङ नगरपालिका भित्रका सार्वजनिक तथा सामुदायिक विद्यालयहरुलाई जनाउनेछ ।

घ) "क्लव" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई खेलकुद गतिविधि सञ्चालन गर्ने उद्देश्यले निहित भएका युवा क्लबलाई जनाउनेछ ।

ङ) "संघ " भन्नाले जिल्ला खेलकुद , राष्ट्रिय खेलकुद परिषदमा दार्त भएका खेलकुद संघ जनाउनेछ ।

च) "प्रशिक्षक"भन्नाले यस कार्यविधि बमोजिम परिचालन गरिने खेलकुद प्रशिक्षकलाई जनाउने छ ।

## परिच्छेद-२

## खेलकुद प्रशिक्षक परिचालन संम्बन्धी व्यवस्था ।

३.प्रशिक्षक परिचालनका आधारः प्रशिक्षक परिचालन गर्दा देहायका कुराहरुलाई प्रमुख आधारको रुपमा लिइनेछ

क) सबैका लागि खेलकुदको अवधारणालाई मूर्त रुप दिने गरी खेलकुदलाई सामाजिकीकरण गर्न नगरपालिका तथा राष्ट्रिय खेलकुद नीति २०६७ मा व्यवस्था भएका विभिन्न खेल क्षेत्रहरु ।

ख) राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुदको अवधारणलाई कार्यान्वयनमा ल्याउन स्थानिय तह देखि विद्यालय तह देहि नै खेलकुदलाई जीवनको अभिन्न अंगको रुपमा समावेश गरी खेल मैत्री स्वास्थय वातावरणको सिर्जना गर्ने ।

ग) विभिन्न सामाजिक तथा वातावरणीय संरक्षणका क्षेत्रहरु ।

४. **प्रशिक्षक परिचालनका क्षेत्र** : प्रशिक्षक परिचालनका क्षेत्रहरु देहाय वमोजिम हुनेछन् :

क) नगर क्षेत्र भित्रका विभिन्न वडाहरुमा खेलको प्रशिक्षण गराउने

ख) नगरपालिका क्षेत्र भित्रका सार्वजनिक तथा सामुदायिक विद्यालयहरु

ग) नगरपालिका वा जिल्ला खेलकुद विकास समितिसंग आवद्ध खेलकुद सम्वन्धी संघ, संस्था, क्लव, एकेडेमी

घ) युवा लक्षीत कार्यक्रम

ङ) वातावरण संरक्षण तथा सम्वर्दनसँग सम्वन्धित संघ तथा संस्थाहरु ।

५) **खेलकुद प्रशिक्षक छनौट प्रक्रिया** : खेलकुद प्रशिक्षक छनौट गर्दा देहाय बमोजिमका प्रक्रियाहरु अपनाइने छन् :-

क) न्यूनतमा योग्यता : कुनै पनि व्यक्ति खेलकुद प्रशिक्षकको रुपमा छनौट हुन देहाय वमोजिमका न्यूनतमम योग्गता भएको हुनुपर्नेछ ।

अ. मान्यता प्राप्ता शैक्षिक संस्थावाट यस.एल.सी / प्रवीणता प्रमाण-पत्र तह वा सो सरहको उपाधि प्राप्त गरेको , तर विदेशी मुलुकवाट प्राप्त प्रमाण पत्र भएमा समकक्षताको प्रमाण पेश गर्नुपर्ने,

आ. नेपाली नागरिक हुनपर्ने ,

इ. एक्काइस वर्ष उमेर पुरा भएको हुनुपर्ने छ ।

ई. मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट प्रदान गरिएको निरोगितको प्रमाण-पत्र पेश गर्नुपर्ने

उ. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अफिसियलस्तरका खेलकुद प्रतियोगिताहरुमा सहभागी भई महतवपूर्ण स्थान हासिल गरेको ।

ख) **विशेष योग्यत** : खेलकुद प्रशिक्षकको रुपमा छनौट हुन खण्ड (क) मा उल्लेखित न्यूनतम योग्यताका अथवा देहाय वमोजिमका विशेष येग्यता भएको उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

अ. खेल विज्ञान वा शारीरिक क्षिक्षा विष्यमा स्नातक तथ उत्तीर्ण गरी दश महिने वा सो भन्दा वढी अवधिको खेलकुद सम्बन्धी प्रशिक्षण प्राप्त गरेको ,

वा

आ. खेल विज्ञान वा शारीरिक शिक्षा विषयमा स्नातक तह उत्तीत्रर्ण गरी तीन महिने वा दश महिना भन्दा कम अवधिको खेलकुद प्रशिक्षण प्राप्ता गरेको ।

ई खेल विज्ञान वा शारीरिक शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरी दुइ/तिन महिने वा दश महिना भन्दा कम अवधिको खेलकुद प्रशिक्षण प्राप्त गरेको ।

वा

इ. खेल विज्ञान वा शारीरिक शिक्षा विषयमा प्रविणता पमाण पत्र तह उत्तीर्ण गरी तीन महिना भन्दा कम अवधिको खेलकुद सम्वन्धी प्रशिक्षण प्राप्त गरेको वा जिल्ला स्तरमा/ स्थानिय स्तरमा मम्तिमा ५ वर्ष संम स्वयमसेवकिय प्रशिक्षण गराएको ।

ग) माथि उपखण्ड अ देखी इ समम उल्लेखित योग्यता भएका उम्मेदवारहरुवाट दरखास्त प्राप्त हुन नआएमा एस.एल.सी/ एस. इ. इ. उत्तीर्ण गरी एक महिना वा सो भन्दा वढी अवधिको प्रशिक्षण प्राप्त गरेकोलाई समेत छनौट गर्न सकिने,

घ) जुन स्थानिय तहका लागि खेलकुद प्रशिक्षक नियुत्त गर्न लागीएको हो सोहि स्थानीय तहको स्थायी वासिन्दालाई पहिलो प्राथमिकता दिइने ।

ङ. माथि उपखण्ड क , ख ,ग घ मा जे उल्लेख भएता पनि देहाय वमोजिमका खेल हरुको खण्डमा विशेष योग्यता लागु हुने छ ।

अ. **भलिवल : -** संवन्धित खेलमा संवन्ध प्राप्त खेल संस्था वाट कम्तिमा बेसिक कोष, I लेवल वा I I लेवल वा NIS , विद्यालय खेलकुद तालिम लिएका गरेका व्यत्तिहरुलाइ मात्र समावेस गरीने छ ।

आ. कराँते :- संवन्धित खेलमा संवन्ध प्राप्त खेल संस्था वाट कम्तिमा तेस्रो डान प्राप्त गरेको, वा ३ /४ वर्ष सम्म स्वयमसेवकीय रुपमा प्रशिक्षण गराएको, वा NIS , विद्यालय खेलकुद तालिम लिएको

इ. फुटवल / एथलेटिक्स/ व्याडमिन्टिन वा अन्य विधाको हकमा : खण्ड ५ को उप खण्ड ख वमोजिम हुने छ ।

**६. खेलकुद  प्रशिक्षक, परिचालन तथा व्यवस्थापन समितिः**

खेलकुद प्रशिक्षक छनौंट परिचालन तथा व्यवस्थापन गर्नका लागि स्थानिय तह स्तरीय देहाय बमोजिमको पदाधिकारीहरु रहेको समिति रहनेछ :

क.नगर प्रमुख म्याङलुङ नगरपालिका **-संयोजक**

ख. सदस्य म्याङलुङ नगरपालिका  नगर उपप्रमुख

सदस्य - प्रमुख प्रसासकिय अधिकृत

ग) सदस्य- जिल्ला खेलकुद विकास समिति का अध्यक्ष वा प्रतिनिधि

घ)सदस्य - नगर युव तथा खेलकुदविकास समिति अध्यक्ष,

ङ) सदस्य - सदस्य सचिव नगर युवा तथा खेलकुद विकास समिति

**७. खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिको काम , कर्तव्य र अधिकारः**

स्थानिय तह भित्र खेल प्रशिक्षक  छनौट, परिचालन तथा व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ ।

क) खेलकुद प्रशिक्षकहरुको विज्ञापन वा सूचनामा दरखास्त परेका उम्मेदवारहरुको दरखास्त फारम संकलन गर्ने,

ख) उपखण्ड क बमोजिम प्राप्त हुन आएका दरखास्त फारम प्रक्रिया पुरा भए नभएको छानविन गर्ने,

ग) योग्य दरखास्त फारमहरुको अनुसुची १ बमोजिम मूल्याङ्क गर्ने ,

घ) छनौट भएको योग्य उम्मेदवारसँग अनुसूची -२ बमोजिमको ढाँचामा सम्झौता गरी अनुसुचि ३ वमोजिमको ढाँचामा  नियुक्ति पत्र दिने,

ङ) खेलकाुद प्रशिक्षकका कार्यहरको अनुगमन तथा मूल्याङकन गर्ने ।

च) नगरपालिकाले तोकेको, नगरखेलकुदविकास समितिले तोकेको वमोजिम कार्यहरु गर्ने, गराउने ।

**८) खेलकुदप्रशिक्षकको शर्त तथा सुविधा :** यस कार्यविधि बमोजिम परिचालन गरिने खेलकुद प्रशिक्षकको शर्त तथा सुविधा देहाय बमोजिम हुनेछन् :

क) खेलकुद प्रशिक्षकलाई सेवा सुविधा बापत खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिले निर्धारण  गरे बमोजिमको रकम प्रदान गरिनेछ ।

ख) खेलकुदप्रशिक्षक बढीमा एक वर्षका लागि अस्थाई करार संझौताका आधारमा परिचालन गरिने छ। प्रतेक आर्थिक वर्षमा कामको प्रगति अनुशार नविकरण गरिनेछ। विगतमा राम्रो कार्य सम्पादा गर्ने प्रशिक्षकलाई प्रथमिकता दिइनेछ।

ग) प्रशिक्षकले सार्वजनिक विदा बाहेक अनय सुविधा निजामति कर्मचारी सोसरह हुनेछ।

घ) खेलकुद प्रशिक्षकले सेवा प्रवाहा गर्न नचाहेमा वा नसक्ने भएमा नगर युवा तथा खेलकुद विकास समितिलाई १ महिना अगावै लिखित जानकारी दिनुपर्नेछ।

**९) खेलकुद प्रशिक्षकको आचार संहिताः**

क) खेलकुद प्रशिक्षकले देहाय बमोजिमका आचार संहिताको पालना गर्नुपर्ने छ।

अ. खेलकुद प्रशिक्षकले राजनैतिक क्रियाकलापमा संलग्न हुनहुँदैन र कार्य सम्मादा गर्दा आफ्नो राजनैतिक आस्थाको प्रभाव पर्न दिनु हुँदैन,

आ. खेलकुद प्रशिक्षकले आफूलाई दिइएको जिम्मेवारी इमानदारितापूर्वक पुरा गर्नुपर्ने छ।

इ. प्रशिक्षकको लागि तोकिएको निर्वाह भत्ता र स्वयंमसेवक कार्यर निकायवाट कुनै सुविधा उपलव्ध गराउने निर्णय भएको भए सो आवस्थामा बाहेक प्रशिक्षकले कुनै संघ वा व्यत्तिबाट कुनै सुविधा लिन पाइने छैन,

ई. खेलकुद प्रशिक्षकले  अनुशासि भई शिष्ट र  विधिसम्मत् व्यवहार गर्दै आफुलाई आदर्शवान् र नमूना पात्रको रुपमा प्रस्तुत गर्नु पर्नेछ।

उ. खेलकुद प्रशिक्षकले सामाजिक सद्भाव र शान्ति व्यवस्था तथा वातावरणीय  अनुकूलतामा खलल् पुर्याउने कार्य गर्नु हुदैन।

ऊ. खेलकुद प्रशिक्षकले नगरपालिका , जिल्ला र राष्ट्रको वृहत्तर हितमा आघात पुग्ने कुनै पनि कार्य गर्न पाइने छैन।

ए. खेल प्रशिक्षणका क्रियाकलापमा नगर युवा तथा खेलकुद विकास समितिले दिएको निर्देशन पालना गर्नु पर्नेछ।

ऐ. खेलकुद प्रशिक्षकले नगर युवा तथा खेलकुद विकास समिति र म्याङलुङनगरपालिका नगर कार्यापालिका संग उत्तरदायी हुनुपर्नेछ।

ख) कुनै खेलकुद प्रशिक्षकले उपदफा क बमोजिम आचार संहिताको पालना नगरेमा नगर युया तथा खेलकुद विकास समिति, नगरपालिका नगर कार्यापालिका को निर्णवाट अवकास दिनेसक्ने छ।

# परिच्छेद ३

## विविध

१०) खेलकुद प्रशिक्षकको अनुगमनः परिचलन गरिएको खेलकुद प्रशिक्षकले गरेको कार्यहरुको अनुगमन नगरयुवा तथा खेलकुदविकास समिति, नगरपालिकाको अनुगमन समिति, र नगर कार्यापमलिका वाट गरिने छ ।

११) खेलकुद प्रशिक्षकलाई आवस्यक निर्देशन : खेलकुद प्रशिक्षलाई आवस्यक रीपोटिङको आधारमा आवस्यक देखेमा नगर कार्यापालिकाले नगर युवा तथा खेलकुद विकास समिति लाइ निर्देशन दिन सक्नेछ ।

१२ आर्थिक व्यवस्थापन : १. म्याङलुङनगरपालिका भित्र प्रचलनमा रहेका संभावना वोकेका खेलहरु , भलिवल, कराँते , फुटवल, व्याडमिन्टन, एथलेटिक्स लगाएतका खेल मध्य आवस्यकताका आधारमा खेलकुद प्रशिक्षक नियुत्त गर्न सक्ने छ । खेलकुद प्रशिक्षकको सेवा सुविधा म्याङलुङ नगरपालिका वाट भुत्तान गरिनेछ ।

१३) वाधा अड्काउ फुकाउनः या कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइ परेमा नगर कार्यापालिकाले बाधा आड्काउ फुकाउन सक्नेछ ।

# अनुसूची - १
## दफा ७ को  खण्ड ग को संग संवन्धित
## उम्मेदवारको योग्यता मूल्याङनको आधार

| सि.न | मूयाङकनका आधार | अंकभर | | | कैफियत |
|---|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता | पुर्णाङक - ८ | | | |
| | | प्रथक | द्वितीय | तृतीय | |
| | क. न्यूनतम् यागयता | ५ | ३ | २ | |
| | ख. माथिल्लो योग्यता | ३ | २ | १ | |
| २ | व्यवहारिक पक्ष | पूर्णङ्क ४२ | | | |
| | क) खेल विज्ञान सम्वन्धी ज्ञान सीप (प्रशिक्षकका रुपमा तालिम/ विद्यालय खेलकुद प्रशिक्षक लाईसन प्राप्त, पूर्व अनुभव तथा खेलाडीका रुपमा पूर्व अनुभवलाई आधार मान्ने ) र अभिवृति, | १० | | | |
| | ख. राष्ट्रपति रनिङ शील्ड प्रतियोगितामा खेलाइने खेलको प्रशिक्षको भएमा | ५ | | | |
| | ग. खेल प्रशिक्षण व्यवस्थापन | ५ | | | |
| | घ. समुदायसँग घुलमिल हुन सक्ने क्षमता | ५ | | | |
| | ङ. स्वयंसेवी भावना | ७ | | | |
| | च. शारिरीका तन्दुरुस्ती | ५ | | | |
| | छ. संवन्धित निर्वाचन क्षेत्रको स्थानिय वासिन्दा । | ५ | | | |
| | कुल जम्मा | ५० | | | |

अनुसूचि -२
(दफा ७ को खण्ड घ सँग सम्वन्धित)

**सम्झौको ढाँचा**

# म्याङलुङ्ग नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## म्याङलुङ्ग तेह्रथुम
१ नं. प्रदेश, नेपाल

**म्याङलुङ नगरपालिका नगर कार्यापालिका र खेल प्रशिक्षकको बीच गरिएको आपसी सम्झौता ।**

लिखितम् हामी तपशील पक्षहरु आगे म्याङलुङ नगरपालिका नगर कार्यापालिकाको कार्यालय तेह्रथुम (जसलाई यसपछि प्रथम पक्ष भनिनेछ ) र तेह्रथुम जिल्ला म्याङ्लुङ न. पा बडा नं. .......... बस्ने वर्ष ........ को श्री ...................... (जसलाई यसपछि दोश्रो पक्ष भनिनेछ ) का वीच मिति .........../......../....... मा भएको सम्झौता ।

१. दोस्रो पक्षले गर्नु पर्नु पर्ने मूख्य -मूख्य कार्यको विवरण :-

क) आफूलाई खटाइएको क्षेत्र अन्तरर्गतका विललयहरु /खेल स्थल/ वडा मा गई खेलकुद प्रशिक्षण उपलब्ध गराउने ,

ख) प्रशिक्षण उपलव्नध गराउँदा उक्त क्षेत्रमा योग्ग खेलाडी उत्पादन गर्न सक्ने उच्च सम्भावना भएका खेललाई विशेष प्राथमिकता

दिने ,

ग) किशोर किशोरीहरुमा धेरै भन्दा धेरै खेलको जानकारी गराउने र खेल अनुशासनको विकास गराउने,

घ) विभिन्न निकायहरुबाट सञ्चालित खेलकुद कार्यक्रममा सहभागिताका लागि किशोर किशोरीहरुलाई उत्प्रेरित गर्ने,

ङ) म्याङलुङ नगरपालिका, नगरयुवा तथा खेलकुद विकास समितिले दिएका निर्देशनको पालना गर्ने,

च) आफुले प्रदान गरेको प्रशिक्षणका बारेमा तोकिएको ढाचाँमा विवरण भरि मासिक रुपमा नगरयुवा तथा खेलकुद विकास समितिमा पठाउने ।

२. बुँदा नं. १ मा उल्लिखित सेबा उपलब्ध गराए बापत प्रथम पक्षले दाश्रो पक्षलाई उपलब्ध गराउने सेवा सुविधाहरु देहाय वमोविम

हुनेछन् ।

क) प्रथम पक्षले दोश्रो पक्षलाई मासिक रुपमा सेवा सुविधा वापत रु .................................................उपलब्ध गराउने छ ।

ख) दोश्रो पक्षले अन्य निजामती कर्मचारीलाई तकिएको कार्य समयअनुसार तोकिएको निकायमा हाजिर भई प्रथम पक्षले उपलब्ध गराएको हाजिर खातामा हाजिरी गरी काम गर्नु पर्नेछ । उक्त हाजिरी प्रमाणित भएपछि मात्र सेवा सुविधा भुक्तानी हुनेछ ।

३.दोश्रो पक्षले आफ्नो नगरमा / क्षेत्रमा रहन आउने प्रथम पक्षको चल, अचल सम्पति हिफाजत साथ प्रयो गरी कार्य सम्पन्न भए पश्चात् प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।

४. दोश्रो पक्षको काम सन्तोषजनक नभएमा प्रथम पक्षबाट (१५) दिनको सूचना दिई यो करार सम्झैता भंग गर्न सक्नेछ ।

५. यो सम्झौता मिति ............................... देखि ......................... सम्म कायम रहनेछ ।

६. प्रथम पक्षलाई हानी हुने कार्य गरेमा वा सम्झौता बमोजिमको कार्य नगरेमा जुनसुकै बेला करार भंग गन सकिनेछ । हानी नोक्सानी भएमा सोको क्षतिपूर्ति कानून वमोजिम असूल उपर गर्न यो सम्झौताले बाधा पुर्याउने छैन ।

| **प्रथम पक्षको तर्फबाट** | **दोश्रो पक्षको तर्फबाट** |
|---|---|
| नाम: | नाम: |
| दस्तदत : | ठेगाना : |
| पद: कार्यालय प्रमुख | दस्तखत: |

| **रोहवर :** | **रोहवर :** |
|---|---|
| नाम: | नाम: |
| दस्तदत : | ठेगाना : |
| पद: | दस्तखत : |
| कार्यालयको छाप | |

इति सम्वत् २०...... साल.... महिना.........गते रोज .............शुभम्..................।

**अनुसूचि -३**
**(दफा ७ को खण्ड घ सँग सम्वन्धित)**

# म्याङ्लुङ्ग नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## म्याङ्लुङ्ग तेह्रथुम
१ नं. प्रदेश, नेपाल मितिः–

श्री ..........................

म्याङ्लुङ , तेह्रथुम

विषय : - ......................खेलकुद प्रशिक्षक नियुक्ति सम्बधमा ।

तपाई लाई "खेलकुद प्रशिक्षक परिचालन कार्यविधि, २०७७" को दफा ७ को खण्ड (घ) तथा सोही कार्यविधिको अनुसूची - २ को सम्झौता बमोजिम मिति ...................... देखि ................................. सम्म.....................खेलकुद प्रशिक्षकको रुपमा कामकाज गर्नेगरी नियुक्ति गरीएको छ ।

तोकिएको कार्यक्षेत्रमा कुसलतापुर्वक जिम्मेवारिहरु लगनशीलता एवं इमान्दारीपूर्वक गर्नुहुनेछ भन्ने अपेक्षा राखिएको छ ।

............................................................

प्रमुख प्रसासकिय अधिकृत